स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७ संख्याः१० मितिः २०८०।१०।२३**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०८०।१०।२१ गते विरुवा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिका संस्था दर्ता कार्यविधि- २०८०"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धीक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा ब्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन,२०७४ को अधिनमा रहि विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन,२०८० को दफा १७ बमोजिम मिति २०८०-१०-२१ गतेको गाउँ कार्यपालिका बैठकले यो कार्यविधि पारित गरेकव छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम विरुवा गाउँपालिका संस्था दर्ता कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि विरुवा गाउँपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले विरुवा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन,२०८० लाई सम्झनुपर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले ऐन अनुसार दर्ता हुने संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विरुवा गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब,मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउंछ ।

(च) "सदस्य" भन्नाले ऐन अन्तर्गत दर्ता हुने संस्थाको विधान अनुसरा गठन भएको प्रबन्ध समितिको पदाधिकारीलाई सम्झनुपर्छ ।

(छ) "स्थानीय अधिकारी" भन्नाले ऐन अन्तर्गत दर्ता हुने संस्थाको दर्ता प्रयोजन तथा सहजिकरणको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन ।

४. **संस्था दर्ताः**

(१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुको समूहले संस्था सम्बन्धी

देहायको विवरण खुलाई संस्थाको अनुसुची- १ बमोजिमको ढाँचामा विधानको तीन (३) प्रति र दर्ता दस्तुर एक हजार (१०००) रुपैयाँ सहित अनुसूची-२ बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालय रहने ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आबश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको सात (७) दिन भित्र संस्था दर्ता गर्न वा नगर्ने निर्णय गर्नु पर्ने छ, यदि संस्था दर्ता गर्न उचित ठानेमा अनुसूची-३ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसके पछि अनुसूची- ४ बमोजिमको दर्ताको प्रमाण—पत्र दिनुपर्नेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निर्णय मितिको सात (७) दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस (३५) दिन भित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँ कार्यपालिकाले आबश्यक जाँचबुझ गरी त्यस्तो

संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) दर्ता नभई संचालन भएका कुनै पनि संस्थाहरुले संस्थाको हैसियतबाट विरुवा गाउँपालिकाबाट कुनैपनी प्रकारको सेवा,सुविधा प्रदान गरिने छैन।

**५. कार्यविधिको पालना गर्नुपर्नेः**

(१) गाउँपालिका भित्र स्थापना हुने सबै संस्थाहरुले यो कार्यविधिको पूर्ण पालना गर्नु पर्नेछ ।

**६. प्रबन्ध समिति सम्बन्धी व्यवस्थाः** (१) प्रबन्ध समितिको देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रबन्ध समिति सम्बन्धित संस्थाको विधान बमोजिम बमोजिम गठन हुने छ ।

(ख) प्रबन्ध समितिमा कम्तिमा ७ जना र बढिमा १३ जना रहन सक्नेछन् ।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएतापनि प्रबन्ध समितिको संख्या विजोर हुनु पर्नेछ ।

**७. दर्ता अवधि, नविकरण र दस्तुरः**

(१) दफा ४ (२) बमोजिम दिएको दर्ता प्रमाण- पत्र एक आर्थिक वर्ष सम्म बहाल रहेन छ ।

(२) उपदफा (१) बमोजिमको संस्था दर्ता बहाल रहने अविधि समाप्त भएको मितिले तीन (३) महिनाभित्र सम्बन्धित व्यक्तिले स्थानिय अधिकारीबाट पाँच

सय (५००) रुपैयाँ दस्तुर तिरी दर्ताको प्रमाण- पत्र नविकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद अघि नविकरण हुन नसकेको मानसिब कारण देखाई दर्ताको प्रमाण-पत्र नविकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपदफा (२) मा लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नविकरण गरी दिन सक्नेछ ।

(क) उपदफा (२) बमोजिमको म्याद नाघेपछि तीन (३) महिनाको लागि रु पाँच सय (५००) ।

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछि अषाढ मसान्त सम्मको लागि लागि रु एक हजार (१०००) ।

(ग) खण्ड (ख) बमोजिमको म्याद नाघेपछिको प्रत्येक आर्थिक वर्ष रु दुई हजार (२०००) ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि म्यादभित्र नविकरण नगाराएका संस्थाहरुले दर्ता प्रमाण-पत्र नविकरण हुन नसकेको मानसिब कारण देखाई दर्ताको प्रमाण-पत्र नविकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक बर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त उपदफा (३) बमोजिमको दस्तुर र रु. पाँच सय (५००) थप जरिवाना समेत लिई लिई स्थानिय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नविकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाण-पत्र नविकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिमा पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

**८. संस्था दर्ता नहुनेः** देहायको अवस्थामा संस्था दर्ता गर्न गाउँपालिका वाध्य हुने छैनः

(१) नेपालको धार्मिक, सास्कृतीक, साम्प्रदायिक सद्भावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल् पर्ने, व्यक्तीगत लाभ प्राप्त गर्ने मनसायबाट निर्देशित उद्देश्य विधानमा राखी संस्था दर्ता गर्ने प्रयोजनको लागि पेश भएमा ।

**९. संगठित संस्था मानिनेः**

(१) ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ । तर सरकारी निकायको वजेट कार्यान्वयन गर्न दर्ता हुने उपभोक्ता समितिको हकमा यो उप दफा लागु हुने छैन ।

(३) संस्थाले ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**१०. संस्थाको सम्पत्ति संरक्षणः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको बिधान बिरुद्व संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिका अध्यक्षले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिका अध्यक्षले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्व कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख लाई गाउँपालिकाले प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

**११. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः**

(१) ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन (३) महिनाभित्र यो ऐन बमोजिम गाउँपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

**१२. संस्थाको उद्देश्यहरुमा हेरफेरः** संस्थाको उदेश्यमा हेरफेर सम्बन्धि व्यवस्था विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (९) बमोजिमको हुनेछ ।

१३. **लेखा राख्नु पर्नेः** संस्थाले प्रचलीत कानूनको अधिनमा रहि लेखा राख्नु पर्नेछ । त्यस्तो लेखा राख्ने ढाँचा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **हिसाब विवरण पेश गर्नुपर्नेः** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक बर्ष समाप्तिको तीन (३) महिना भित्र स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

१५. **हिसाव जाँच गर्ने सक्नेः** गाउँपालिकाले आवश्यक देखेमा विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (१२) बमोजिमको प्रक्रिया अपनाई हिसाब जाँच गर्न सक्ने छ ।

१६. **निर्देशन दिनेः** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१७. **दण्ड सजायः** दण्ड सजाय सम्बन्धि व्यवस्था विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (१४) बमोजिमको हुनेछ ।

१८. **पुनरावेदनः** पुनरावेदन सम्बन्धि व्यवस्था विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (१५) बमोजिमको हुनेछ ।

१९. **संस्थाको विघटन वा त्यस्को परिणामः** संस्था विघटन र त्यसको परिणाम सम्बन्धि व्यवस्था विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (१६) बमोजिमको हुनेछ ।

२०. **अन्य ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश

सरकार वा विरुवा गाउँपालिकाको अर्को ऐनमा छुट्टै व्यबस्था भएकोमा  त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

२१. **खारेजी वा वा बचाउः** खारेजी र बचाउ सम्बन्धि व्यवस्था विरुवा गाउँपालिकाको संस्था दर्ता ऐनको दफा (२०) बमोजिमको हुनेछ ।

## अनुसुची -१
## (दफा (४) को उपदफा (१) सँग सम्बन्धित)
विद्यानको ढाँचा

**................................ को विधान २०८...**

**प्रस्तावनाः "...................................................................."** को "यो विधान विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन, २०८० को अधिनमा रहि तर्जुमा गरिएको छ" ।

### <u>परिच्छेद-१</u>
### प्रारम्भिक

१. **संस्थाको नामः-** यस संस्थाको नाम **"......................................................"** रहनेछ । अंग्रेजीमा **.......................................................... "** रहनेछ ।

क. प्रारम्भः- यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

ख. संस्थाको अस्तित्वः- यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

ग. संस्थाको कार्यालय रहने ठेगाना - ......................................................

घ. संस्थाको कार्यक्षेत्र- .....................

**परिभाषाः-**

क. "विधान" भन्नाले .................... को विधानलाई सम्झनु पर्दछ ।

ख. "संस्था" भन्नाले ....................................... लाई जनाउँदछ ।

ग. "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ. "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ. "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

च. नियम, विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ. स्थानीय अधिकारी भन्नाले विरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत लाई जनाउँछ ।

ज. तोकिएको वा तोकिए बमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ. "स्थानीय तह" भन्नाले विरुवा गाउँपालिका लाई जनाउनेछ ।

ञ. "सदस्य" भन्नाले संस्थाको कुनै पनि सदस्यता (साधारण, संस्थागत, आजीवन एवं कार्य समितिको पदाधिकारी समेत ) वा संघ संस्थालाइ जनाउनेछ ।

ट. "संस्थापक सदस्य" भन्नाले समिति गठन सम्बन्धी पहिलो बैठकमा उपस्थित सदस्यहरुलाइ संस्थापक सदस्य भनिनेछ ।

ठ. "स्थानीय सरकार" भन्नाले विरुवा गाउँपालिकालाई बुझाउने छ ।

३. **संस्थाको छाप र चिन्हः-** प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद-२

## उद्देश्य

४. संस्थाको उद्देश्यः- संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।

क. यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ,

ख.

ग.

घ.

ङ.

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-** यस संस्थाले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछः-

क. संस्थाले प्रचलित नेपाल कानून प्रतिकुल नहुने गरी आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन दिन सक्नेछ । कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

## परिच्छेद-३

## सदस्यता

६. **सदस्यहरुको वर्गीकरण-** यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छः-

क. साधारण सदस्यः- यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख. आजीवन सदस्यः- संस्थाको विकासको लागि विशेष सहयोग योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत साधारण सदस्य

मध्येबाट इच्छुक सदस्यलाई कार्य समितिको निर्णयानुसार आजिवन सदस्यता प्रदान गरिने छ ।

ग. मानार्थ सदस्यः- उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः-** यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. नेपाली नागरिक भएको ,

ख. १८ वर्ष उमेर पुरा गरेको ,

ग. मानसिक सन्तुलन नगुमाएको ,

घ. सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ,

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको,

च. संस्थाको उद्देश्य पूर्तिका लागि निश्वार्थ भावनाले सेवा गर्न चाहने ,

८. **संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्थाः-** देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन सक्ने छैन ।

क. गैह्र नेपाली नागरिक ,

ख. १८ वर्ष उमेर पूरा नभएका ,

ग. मगज विग्रेको वा बौलाएका ,

घ. सार्वजनिक सम्पत्ति हिनाविना गरेको ठहरेको ,

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको,

च. सम्बन्धित संस्थाको व्यवस्थापनमा नीजि स्वार्थ भएको,

छ. साहुको दामासाहीमा परेको,

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्ष ननाघेको,

झ. विधानको दफा ७ को उपदफा ६ बमोजिमको योग्यता नपुगेको ।

९. **सदस्यताको समाप्तिः-**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

क. यस विधानको दफा ८ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा,

ख. साधारण सभाको ७५% को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

ग. सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

घ. संस्थाको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा,

च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा,

छ. संस्था विघटन भै खारेज भएमा,

ज. सदस्यको मृत्यु भएमा, देवाली वा गुठी छोडी गएमा वा बिना सूचना तीन पटक वार्षिक साधारण सभामा र कार्य समितिको बैठकमा अनुपस्थित भएमा,

२. कुनै व्यक्तिका सम्बन्धमा संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-** यस विधानको दफा ६ बमोजिम देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्यः-

क. साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. ........ र वार्षिक शुल्क वापत रु. ....... बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई

कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

ख. त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु. ....... बुझाउनु पर्नेछ ।

ग. साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आर्थिक वर्षको श्रावणमा दस्तुर बुझाई नवीकरण गराई सक्नु पर्नेछ ।

२. आजीवन सदस्यः- संस्थामा एकमुष्ट रु. ........... बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

३. मानार्थ सदस्यः- साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिक तथा विदेशी महानुभावहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

४. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

५. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

६. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठनः-

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको एक साधारण सभा गठन हुनेछ । र यसमा मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क. बार्षिक साधारण सभाः- वर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ ।

ख. विशेष साधारण सभाः- संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण खुलाई विशेष साधारण सभाले माग गरेमा, कार्य समितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य

रुपमा विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न भने सक्ने छैन ।

३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले ६ महिना भित्रमा गरिने छ र त्यसपछिको बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभाको बैठक बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकारः-** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख. लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामि बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च. कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

ज. यस विधानमा उल्लेखित उद्देश्य अनुसारको अन्य कार्य गर्ने गराउने ।

## १३. कार्य समितिको गठनः-

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ---सदस्यीय एक कार्य समिति गठन गरिने छ ।कार्य समितिको निर्णयले आवश्यक्ता अनुसार सह-सचिव र सह-कोषाध्यक्ष पदमा कार्य समितिका सदस्यहरुबाट नियुक्त गर्न सक्नेछ । उक्त नियुक्तिलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | १ |
| सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सदस्य | - | ..... |

जम्मा सदस्य संख्या - ........

२. कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका

सदस्यको मनोनयन समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१**%** ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कुल संख्याको ५१**%** पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

१४. **कार्य समितिको काम, कर्तव्य र अधिकारः-** कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ,

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने,

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने,

४. साधारण सभा प्रति उत्तरदायी रहने,

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने,

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने,

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने,

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति तथा अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने,

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्नेः-** अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**१६. अन्य समितिहरुः**

१. यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता

अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्ने छ तर सो साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१७. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः-** कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. *अध्यक्षको काम, कर्तव्य र अधिकारः-*

क. समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने,

ख. निर्णायक मत दिने,

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

घ. संस्थाको नेतृत्व दिने,

ङ. आवश्यकता अनुसार बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

च. अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने,

छ. अभिलेख प्रमाणित गर्ने,

ज. वैदेशिक तथा आन्तरिक संस्थाहरुसंग सम्बन्ध राख्दा आवश्यक सम्झौता गर्ने,

झ. कुनै पदाधिकारीको अनुपस्थितिमा सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्यलाई गराउन लगाउने ,

ञ. संस्थाको सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

२. *उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-*

क. अध्यक्षलाई सहयोग गर्ने ।

ख. अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग. अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. *सचिवको काम, कर्तव्य र अधिकारः-*

क. संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने,

ख. अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने,

ग. अभिलेख सुरक्षित राख्ने,

घ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने,

ङ. संस्थाको गोपनियता कायम गर्ने,

च. जिन्सी वा नगद सामानको लगत राख्ने,

छ. मासिक रुपमा संस्थाबाट भए गरेका कामहरुको प्रतिवेदन तयार गरी कार्य समिति समक्ष पेश गर्ने,

४. *कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-*

क. संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख. साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग. लेखा दुरुस्त राख्ने,

घ. नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने,

ङ. चल अचल सम्पत्तिको जिम्मेवारी बहन गर्ने,

च. कुनै पनि निकायबाट संस्थाको लेखा सम्बन्धी प्रतिवेदन माग गरेमा तयार गरी पेश गर्ने ।

५. *सदस्यहरुको काम, कर्तव्य र अधिकारः-*

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

ग. अध्यक्ष र उपाध्यक्षले तोकेको अन्य कार्य गर्ने,

घ. संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग र पहल गर्ने ।

**१८. गणपूरक संख्याः-**

१. कुल सदस्य संख्याको ६०% (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

३. सम्पूर्ण सदस्य संख्याको ५१ % सदस्यहरु उपस्थित नभई साधारण सभाको बैठक बस्न सक्ने छैन । तर यसरी बोलाइएको गणपूरक संख्या नपुगी पुनः बोलाइएको दोश्रो बैठकमा ५१% सदस्यहर उपस्थित नभएमा पनि साधारण सभाको बैठक बस्न सक्नेछ ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

### १९. संस्थाको कोषः-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्:-

क. सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम,

ख. कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम,

ग. संस्थाको चल/अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम,

घ. विदेशी संस्था व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम,

ङ. स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम,

च. संस्थाद्धारा संचालित कार्यक्रमहरुबाट उठेको आर्थिक सहयोग बापतको रकमहरु ।

२. विदेशी संघ संस्थाबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण परिषद ऐन २०४९ को दफा १६ बमोजिम पुर्व स्वीकृति लिनु पर्नेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

२०. **खाता सञ्चालनः-** संस्थाको बैंक खाता अध्यक्ष ,सचिव र कोषाध्यक्षको **(**अनिवार्य**)** संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१. **कोषको रकम खर्च गर्ने तरिकाः-** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन,

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ,

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ,

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२२. **संस्थाको लेखा र लेखा परीक्षणः-**

क. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

ख. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

ग. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारिहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

घ. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था-**

क. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढिमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

ख. निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ग. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. **उम्मेदवार हुने योग्यताः-** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. सदस्यता वार्षिक नविकरण गरेको हुनु पर्नेछ,

ख. साधारण सदस्य बनी लगातार नविकरण गरेको २ वर्ष अवधि पुरा गरेको हुनु पर्नेछ,

ग. संस्था संगको कारोबारमा कुनै बाँकी बक्यौता नभएको हुनु पर्नेछ,

घ. संस्थाप्रतिको इमान्दार र संस्थाको हितमा निरन्तर लागि रहेको हुनु पर्नेछ,

ङ.	तर अर्को निर्वाचन नभएसम्मको लागि यो संस्था दर्ता गठन भएको तदर्थ कार्य समितिलाई माथिको उपदफा (क) र (ख) लागु हुने छैन ।

२५. **अविश्वाशको प्रस्तावः-**

१.	अविश्वाशको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क.	नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ,

ख.	प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ,

ग.	साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२.	उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारीहरु र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः-

क. साधारण सभा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कार्य सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णयः-

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको

वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. **विधान संशोधनः-** साधारण सभाबाट कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु

पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. **नियम बनाउन सक्ने:-**

क. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

ख. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. **कर्मचारीको व्यवस्था:-**

क. संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम

गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी र समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ ।

२९. **संस्था खारेजीः-**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः विरुवा गाउँपालिकाको हुनेछ ।

३०. **व्याख्याः-** यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३१. **गोप्यता भंग गर्न नहुनेः-** यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुको

बैठक वा सधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. **ऐन अनुसार हुनेः-** यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, निमय र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३३. **निर्देशनको पालनाः-** नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. **तदर्थ समितिः-**

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले संस्था दर्ता भएको मितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

## अनुसूची-१
## संस्थाको छाप र चिन्हको विवरण

## अनुसुची-२

(दफा (४) को उपदफा (१) सँग सम्बन्धित)

निवेदन पत्र को ढाँचा

श्री स्थानीय अधिकारी ज्यू,

विरुवा गाउँपालिका, स्याङ्जा ।

महोदय,

हामीले ............................................................ संस्था गठन गरी दर्ता गराउन चाहेकोले विरुवा गाउँपालिकाको संस्था दर्ता कार्यविधि,२०८० को दफा ४ बमोजिम संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित ............................................................को तीन (३) प्रति विधान र एक हजार (१०००) रुपैयाँ दस्तुर सहित निवेदन दिएका छौं ।

**विवरणः**

१. संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरू

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. प्रबन्ध समितिका सदस्यहरूको विवरणः

| क्र.स. | नामथर | ठेगाना | पेशा | ना.प्र.प.नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |

५. आर्थिक स्रोतको विवरणः

६. कार्यालयको ठेगानाः

७. संस्थाको तर्फबाट निवेदक दिनेको विवरण र दस्तखत

| क्र.स. | नाम थर | पद | दस्तखत | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |
| ५ | | | | |

८. दर्ता गर्ने संस्थाको छापः

**अनुसुची-३**
**(दफा ४ को उपदफा २ सँग सम्बन्धित)**
**विरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संस्था दर्ता किताबको ढाँचा**

| क्र.स. | दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उदेश्य | जम्मा सदस्य संख्या | दर्ता गर्ने अधिकारीको नाम थर पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साल | महिना | गते | | | | | | |
| १ | | | | | | | | | | |

**पदाधिकारीको विवरण**

| क्र.स. | पदाधिकारीको नाम थर | पद | ना.प्र.प.नं. | कै. | क्र.स. | पदाधिकारीको नाम थर | पद | ना.प्र.प.नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | ८ | | | | |
| २ | | | | | ९ | | | | |
| ३ | | | | | १० | | | | |
| ४ | | | | | ११ | | | | |
| ५ | | | | | १२ | | | | |
| ६ | | | | | १३ | | | | |
| ७ | | | | | | | | | |

**नविकरण सम्बन्धि विवरण**

| क्र.स. | आ.व. | नविकरण मिति | | | नविकरण गर्ने अधिकारीको नाम थर पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | साल | महिना | गते | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

**अनुसुची-३**

**(दफा ४ को उपदफा २ सँग सम्बन्धित)**

**विरुवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**<u>संस्था दर्ता प्रमाणपत्रको ढाँचा</u>**

दर्ता नं.

मितिः.......................

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम) ...............................

विरुवा गाउँपालिको संस्था दर्ता ऐन, २०८० को दफा (४) तथा विरुवा गाउँपालिकाको संस्था दर्ता कार्यविधिको, २०८० को दफा (४) को उपदफा (२) बमोजिम .........साल ........महिना ....... गतेमा ............................ नामको संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन, २०८० बमोजिम आफ्नो कार्य संचालन गर्नुहोला ।

दर्ता गर्नेकोः

दस्तखत:

नाम थर

पदः

| क्र.स. | आर्थिक वर्ष | नविकरण मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | रसिद नं. | नविकरण गर्नेको नाम, थर पद | नविकरण गर्नेको दस्तखत | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

आज्ञाले
भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत